दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ७८ | बुटवल | २०८१ फागुन २९, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Mar. 13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# अबको लक्ष्य प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख : प्रचण्ड

**लुम्बिनी संवाददाता**

*बुटवल*

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको एजेन्डालाई पुनः अगाडि बढाइएको बताएका छन् ।

मगर राष्ट्रिय मुक्ति मोर्चा नेपालको छैटौं राष्ट्रिय सम्मेलन बुटवलमा उद्घाटन गर्दै प्रचण्डले सरकारले संविधान संशोधनको विषय अगाडि बढाएसँगै आफूहरूले संविधान सभामै राखेको एजेण्डलाई पुनः अगाडि सारेको बताए ।

'अबको आवश्यकता जनताले प्राप्त गरेका अधिकारको रक्षा गर्दै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, पूर्ण समानुपातिक निर्वाचन प्रणाली जस्ता अग्रगामी एजेन्डामा जानु हो,' प्रचण्डले भने-'पछाडि फर्कनेतर्फ कसैले सोचे राम्रो हुने छैन ।'

प्रचण्डले संविधानले सुनिश्चित गरेका विभिन्न वर्ग र समुदायकाका हक अधिकारको रक्षाका लागि जुनसुकै बेला काठमाडौं केन्द्रित आन्दोलन हुन सक्ने बताएका छन् । बुधबार बुटवलमा मगर राष्ट्रिय मुक्ति मोर्चाको छैठौं सम्मेलनलाई सम्बोधन गर्दै प्रचण्डले सरकारका खराब क्रियाकलापका कारण प्रतिगामी शक्तिको चलखेल बढेको भन्दै जुनसकु बेला काठमाडौंमा लाखौं जनता उतार्ने गरी आन्दोलनका लागि अपील हुन सक्ने बताए ।

'जनयुद्धको बलमा प्राप्त अधिकार र उपलब्धि उल्टाउने प्रयास हुँदैछ, त्यसलाई जोगाउन नयाँ राष्ट्रिय आन्दोलन आवश्यक छ,' प्रचण्डले भने-'पार्टीले अपील गरेको बेला काठमाडौंमा लाखौंको संख्यामा उपस्थित हुन तयार हुनुपर्छ ।'

प्रचण्डले प्राप्त उपलब्धि उल्ट्याउने प्रतिगामी शक्तिको चलखेल सफल हुन नदिने दाबी गरे । 'अहिलेको सबै अधिकारको जननी माओवादी हो, त्यसको रक्षा गर्ने जिम्मेवारी पनि हाम्रो हो, धमिलो पानीमा माछा मार्ने चलखेल सफल हुँदैन ।'-प्रचण्डले भने ।

कुलमान घिसिङको उदाहरण दिँदै प्रचण्डले अहिलेको सरकारले भ्रष्टाचारीलाई जोगाउने र राम्रो काम गर्नेलाई सताउने गरिरहेको उल्लेख गरे ।



उनले आफू प्रधानमन्त्री हुँदा भ्रष्टाचारविरुद्ध जुनसुकै पार्टीका नेता भए पनि कारबाही सुरु गरेको, सामाजिक सुरक्षा कोष लागू गरेर १५ लाख श्रमिक आबद्ध गराएको, अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ बनाएको चर्चा गर्दै त्यो सबै बिचौलियाहरुलाई मन नपरेर असंवैधानी र प्राकृतिक हिसाबले सरकार ढालिएको तर्क गरे ।

अहिलेको सरकारले पास हुनेलाई फेल र फेल हुनेलाई पास गराउने आरोप लगाउँदै प्रचण्डले प्रधानमन्त्रीले सामुदायिक विद्यालयका शिक्षकलाई ५२ प्रतिशत विद्यार्थी फेल गराएको भन्दै सेवा सुविधा किन बढाउने भनेर होच्याएको उल्लेख गरे । तर प्रधानमन्त्री आफैँ र मन्त्रीहरूको कार्य सम्पादन निकै कमजोर, भएको नदेखेको भन्दै प्रचण्डले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने बताए ।

» बाँकी ३ पेजमा

## ठूला भ्रष्टाचार र नेताका सम्पत्ति छानवीन गरौं : गगन थापा



बुटवल । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले संवैधानिक निकायले गरेका अनुसन्धानप्रति आशंकाहरू व्याप्त रहेको बताएका छन् ।

ठूला-ठूला भ्रष्टाचारमा अख्तियार, सरकारले गरेको अनुसन्धानमा चित्त बुझ्दैन भने संसद्बाट उच्चस्तरीय संसदीय छानबिन समिति बनाउन सकिने विकल्प उनले सुनाए ।

कांग्रेस पश्चिम नवलपरासी क्षेत्र नम्बर २ 'क' को क्षेत्रीय सम्मेलनमा महामन्त्री थापाले अख्तियार र सरकारले गरेका अनुसन्धानमा चित्त नबुझेको भए संसद्बाट उच्चस्तरीय छानबिन समिति गठन गरेर दोषीलाई कारबाही गर्न सकिने बताए ।

थापाले अहिलेसम्म चर्चामा रहेका भ्रष्टाचार र नेताका सम्पत्ति छानबिन गर्न उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने बताएका छन् ।

'एकले अर्कालाई आरोपप्रत्यारोप गर्नुभन्दा अवकाश प्राप्त कुनै प्रधानन्यायाधीशको नेतृत्वमा उच्चस्तरीय छानबिन समिति गठन गरौं,' उनले भने-'समितिले दोषी देखाएका सबैलाई मामा, काका, दाइ नभनी सबैलाई कारबाही गरौं ।'

पछिल्लो समयमा नागरिकहरूमा असन्तुष्टि बढेकाले यसलाई सरकार र नेताले गम्भीर भएर सोच्नुपर्ने बताए । राजावादीप्रति लक्षित गर्दै महामन्त्री थापाले जनताको आक्रोशलाई एकथरी मानिसले घ्यू थप्ने प्रयास गरेकाले सरकार र दलका नेताहरूले जनभावना बुझेर अगाडि बढ्नुपर्ने बताए । 'एकदम विश्वास गर्ने न्यायाधीश वा पूर्वप्रधानन्याधीश ल्याउने हो भने पनि ल्याऔं ।

आयोग बनाउने हो भने पनि बनाऔं,' महामन्त्री थापाले भने-'नेताको सम्पत्ति पनि छानबिन गरौं । सबै ठूलो ठूलो काण्डको पनि छानबिन गरौं । त्यो अनुसन्धानमा आमा पर्ला, मामा पर्ला छोडिदिउँ । गल्ती गर्नेलाई पाता कसेर लैजाऔं ।'

उनले व्यक्तिले गरेको भ्रष्टचारको भारी पार्टीले बोक्न नसक्ने बताए ।

उनले भने-'सिंगो कर्मचारी तन्त्रले भ्रष्टचार गर्छ त गर्दैन नि । एक जना व्यक्तिले गर्छ नि । सिंगो नेपालका नेताहरुले गर्छन त । गर्दैनन् नि त । व्यक्तिले गर्छ नि ।'

भ्रष्टाचार कसैले गर्छ भने जिम्मा त्यही स्वयंले लिनुपर्ने र त्यसको भारी कांग्रेसले नबोक्ने बताए ।

## पूर्व सभामुख सापकोटाको मुद्दा हेर्दाहेर्दैमा



बुटवल । सर्वोच्च अदालतले पूर्वसभामुख एवं माओवादी नेता अग्निप्रसाद सापकोटाविरुद्धको मुद्दामा निरन्तर सुनुवाइ हुने आदेश गरेको छ ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसहित पाँच न्यायाधीशको संवैधानिक इजलासले मुद्दालाई हेर्दाहेर्दैमा राख्ने आदेश गरेको हो । उक्त मुद्दा अब २७ चैतमा सुनुवाइ हुनेछ ।

८ बैशाख २०७२ मा पनि सर्वोच्च अदालतले काभ्रेका अर्जुन लामाको हत्याबारे उनकी पत्नी पूर्णिमाया लामाले दिएको जाहेरीमाथि अनुसन्धान अघि बढाउनु र त्यसको प्रगति प्रतिवेदन १५/१५ दिनमा पेश गर्नु भनी आदेश दिएको थियो ।

आदेश अनुसार प्रगति प्रतिवेदन प्राप्त हुन नसकेको भन्दै सर्वोच्च अदालतले गत असोजमा फेरि त्यस्तै आदेश दिएको थियो । त्यतिबेलाको फैसला अनुसार काम सम्पन्न भए नभएको व्यहोरा १५ दिनभित्र प्रस्तुत गर्नु भनी आदेश जारी भएको अवस्थामा समेत त्यसको पालना नभएको भन्दै सर्वोच्च अदालतले फेरि प्रगति विवरण पठाउन आदेश गरेको थियो । आफ्नो पतिको हत्यामा संलग्न सापकोटाविरुद्धको अनुसन्धान अघि बढाउनुपर्ने माग राखेर काभ्रेकी पूर्णिमाया लामाले ८ मंसिर, २०६९ मा सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेकी थिइन् ।

रिट निवेदनमा उल्लेख भएको विवरण अनुसार, पूर्णिमाया लामाका पति अर्जुन लामा काभ्रेको श्रीकृष्ण माविबाट १६ वैशाख २०६२ मा अपहरणमा परेका थिए । असारको दोस्रो सातातिर बुढाखानी गाविसको चारकिल्ला भन्ने ठाउँमा उनको हत्या भयो । जमिनमा गाडेको अवस्थामा पछि शव फेला परेको थियो ।

## नयाँगाउँ खानेपानी चुनावमा कांग्रेस-राप्रपाको गठबन्धन विजयी



बुटवल । संसदीय निर्वाचनको झल्को दिने गरी बुटवलको नयाँगाउँ खानेपानी संस्थामा नयाँ नेतृत्वका लागि भएको चुनावमा नेपाली कांग्रेस र राप्रपाको गठबन्धन विजयी भएको छ। गठबन्धनबाट अध्यक्षमा नेपाली कांग्रेसकी उम्मेदवार मीना घर्ती ८१४ मत पाएर निर्वाचित भएकी हुन् ।

एमाले-माओवादी र राष्ट्रिय जनमोर्चाको गठबन्धनबाट एमालेका नामबहादुर कुँवरले ८०८ मत पाए भने राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट बामदेव भुसालले ७५८ मत पाए ।

बुटवल उप-महानगरपालिकाका वडा नं. १२ र १३ का ४७ सय घरधुरी मतदाता रहेकामा २६०६ मत खसेको थियो । निर्वाचनमा कांग्रेस-राप्रपाको एउटा तथा एमाले-माओवादी र राष्ट्रिय जनमोर्चाको अर्को गठबन्धन थियो भने राष्ट्रिय स्वतन्त्र पार्टीले एक्लै उम्मेदवारी दिएर दुबै गठबन्धनलाई कडा चुनौती दिएको छ । संसदको तेस्रो दल माओवादी केन्द्र भने यो निर्वाचनमा निकै कमजोर देखिएको छ।

यस्तै उपाध्यक्षमा कांग्रेस र राप्रपाको गठबन्धनकी सिर्जना पौडेल ८१२ मत पाएर निर्वाचित हुँदा रास्वपाकी सीता ढकालले ७१८ मत र एमाले-माओवादी र राष्ट्रिय जनमोर्चाको गठबन्धनकी कल्पना केसी ६८४ मत प्राप्त गरेकी निर्वाचन समितिका सदस्य गोपाल पाण्डेले जानकारी दिए ।

सचिवमा एमाले-माओवादी र राष्ट्रिय जनमोर्चाको गठबन्धनका रामप्रसाद भुसाल ८४४ मत पाएर निर्वाचित हुँदा कांग्रेस-राप्रपा गठबन्धनका रामप्रसाद पन्थीले ७८७ मत तथा स्वतन्त्र उम्मेदवार भोजराज पाण्डेले ५६१ मत पाए ।

कोषाध्यक्षमा कांग्रेस-राप्रपा गठबन्धनकी सुमित्रा खनालले ७८९ मत पाएर निर्वाचित हुँदा एमाले-माओवादी र राष्ट्रिय जनमोर्चाको गठबन्धनकी गीता बरालले ५६४ मत र स्वतन्त्रकी तुल्सा अधिकारीले ६४२ मत पाएकी निर्वाचन समितिले जनाएको छ ।

सहसचिवमा एमाले-माओवादी र राष्ट्रिय जनमोर्चाको गठबन्धनका ढुण्डिराज खनाल ८७७ मत पाएर निर्वाचित हुँदा कांग्रेस-राप्रपा गठबन्धनका अम्बिका पन्थीले ७२५ र स्वतन्त्र उम्मेदवार रामबहादुर थापाले ५७५ मत पाएका छन् ।

अनुगमन समिति संयोजकमा कांग्रेसका गणेश आचार्यले र लेखा समिति संयोजकमा एमालेका अग्निप्रसाद पौडेल निर्वाचित भएका छन् । २३ सदस्यीय कार्यसमितिमा सदस्यहरुको मत परिणाम आउन बाँकी रहेको निर्वाचन समिति सदस्य गोपाल पाण्डेले बताए ।

स्वतन्त्र उम्मेदवार बामदेव भुसालले दुईवटै गठबन्धनले सत्ताको दुरुपयोग गर्दै मत हाल्ने ठाउँसम्मै पुगेर मतदातालाई दबाब र प्रभावित गरेर परिणाम आफ्नो पक्षमा पारे पनि नैतिकरुपले आफूहरुले जितेको दाबी गरे । 'ठूला भनिएका दलले हामीलाई अस्तित्व नै छैन भनेर खिसिट्युरी गर्ने, हेप्ने र कतै प्रतिनिधित्व नगराउने प्रवृत्ति थियो,' भुसालले भने-'खानेपानी संस्थाको यो चुनावले ठूला दाबी गर्ने दलहरु एक्लै चुनाव लड्न सक्दैनन् भन्ने देखाइदिएको छ ।'

उपभोक्ताका साझा संस्थाहरु कब्जा गरेर राजनीतिक र आर्थिक स्वार्थ पूरा गर्ने परिपाटीलाई आफूहरुले रोक्ने र महसुल घटाउन दबाब दिने भुसालले बताए ।


सरावल गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो गाउँ एवम् बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी, (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

२०८१ फागुन २९, गते बिहीबार
Thursday Mar. 13, 2025

दैनिक लुम्बिनी

# सम्पादकीय

## समुदाय जोड्ने पर्व

कतै होली पर्व त कतै फागु पूर्णिमा । भौगोलिक विविधता भएको मुलुकमा फरक–फरक ढंगले मनाइने होली पर्व रंगहरुको पर्व हो । पहाडी र हिमाली क्षेत्रमा आज र तराई–मधेसमा भोली मनाइने यो पर्वले समाजमा सद्भाव, एकता र भाइचारा बढाउन महत्वपूर्ण छ ।

चाडपर्व र संस्कृति समुदाय र क्षेत्र विशेषका धेरै हुने मानिए पनि होली पर्व समुदाय र क्षेत्र विशेषको मात्रै नभएर आम नेपालीको साझा पर्व हो । समाजमा विभाजनको प्रयास भइरहँदा एकता, मेलमिलाप र सहकार्यमा बाँध्ने काम चाडपर्वले गर्छन्,फागु पूर्णिमा अर्थात् होली पर्वले सामुदायिक र भौगोलिक एकतालाई जोडेको छ । समाजमा चुलिँदो अविश्वासलाई चिर्दै विश्वास जगाउने काम गर्न सक्दा सांस्कृतिक पर्वको सान्दर्भिकता रहन्छ ।

सांस्कृतिक पर्व मनाउने शैली, तरिकाले त्यसको महत्वलाई दिशानिर्देश गर्छ । पर्वका मौलिकताले सधैँ जीवन्त बनाउँछ, पर्वलाई । फागु पूर्णिमा पर्व रंगहरुको पर्व भएकाले एक आपसमा रंग लगाएर शुभकामना दिने प्रचलन छ । तर पछिल्ला वर्षमा रंगहरुको पर्वमा मौलिकता मासिएको छ । रंगको साटो फोहर पानीले छ्याप्ने, कुहिएका अण्डा टाउकोमा फुटाइदिने र जबर्जस्ती रंग लगाइदिने प्रवृत्तिले समाजमा नकारात्मक प्रभाव परेको छ। उन्माद र उत्तेजना बढेको छ। तीब्र गतिमा यातायातका साधन गुडाउँदा जोखिम बढेको छ ।

नेपाली समाजका पर्व मौलिक छन् । हामीले मनाउने दसैँ र तिहार अरुले भिन्दै ढंगले मनाउँछन् । फागु पूर्णिमा पनि ठाउँ अनुसार फरक–फरक छ, जीवन्त छ । भारतसँगको निकटताले त्यहाँ हुने गतिविधि छिट्टै नेपाली समाजमा प्रवेश भइरहेका छन् । समाज र पर्वको मौलिकता नासिने गरी हुने हुने क्रियाकलापलाई निस्तेज गर्दै अघि बढ्न आवश्यक छ ।

होली पर्व अर्थात् फागु पूर्णिमालाई मर्यादित ढंगले मनाएर नेपाली समाजको मौलिकता जोगाउन सबैले पहल गरौं । सद्भावको पर्वले समाजमा सद्भाव छर्न सक्नुपर्छ । उत्तेजना र आक्रोश बढेर प्रहरी परिचालन गर्नुपर्ने विडम्बनापूर्ण स्थितिको अन्त्य हुनुपर्छ । होली पर्वमा आइरहेका यस्ता विकृतिलाई न्यूनीकरण गर्दै मर्यादित बनाउन सक्दा नै यो पर्व नेपाली समाजमा जीवन्त रहन्छ । रंगहरुको पर्व होलीको अवसरमा सबैमा हार्दिक शुभकामना !

# होली मनाउने नाममा समाजमा बढेको बेतिथि, हुँदैछ जनधनको क्षति !

अनुसा थापा

भोलि होली छ । रंगको पर्व होली हर्षोल्लासका साथ मनाउने प्रचलन छ । तर, पछिल्लो समय होली मनाउने नाममा समाजमा व्यापक बेतिथि देखिएको छ । जबरजस्ती अबिर लगाइदिने, छतमा बसेर पैदलयात्रीलाई लोला हिर्काउने, पानी खन्याइदिने, मोबिल दलिदिनेलगायतका अप्रिय कामहरु गर्न थालिएको छ ।

अर्काको घरमा छिरेरसमेत अबिर दलिदिन्छन् । देशको विभिन्न ठाउँमा होलीको कार्यक्रम आयोजना गरिन्छ । त्यस्ता कार्यक्रममा महिलामाथि दुर्व्यवहार हुने सम्भावना बढी हुन्छ र विगतका वर्षमा भएको पनि छ । रंग लगाउने भन्दै संवेदनशील अंगमा छुने गर्दछन् । सभ्य रुपमा खेलिनुपर्ने होली केही वर्षयता असभ्य भइदिएको छ ।

मादक पदार्थ सेवन गर्ने, होहल्ला गर्ने, जुवातास खेल्नेलगायतका कार्यले होलीमा प्राथमिकता पाएको छ । कतिपय छतबाट लडेर ज्यान गुमाएको घटनाहरु पनि छ । यही मौका छोपेर व्यापारीहरुको ठगीधन्दा सुरु भएको छ । एक सय रुपैयाँ पर्ने टि-सर्टलाई पाँच सयमा बेच्छन् ।

रंगको मूल्यमा पनि मनोमानी छ । छालालाई असर गर्न सक्ने रंगहरु बजारमा छ्यापछ्याप्ती भेटिन्छ । तर, सरोकारवाला निकायले अनुगमनमा चासो देखाएको छैन । उता, पिचकारी पनि मनलाग्दी भाउ राखेर बेचिरहेका छन्, व्यापारी । होली जमघटको पर्व हो । आफन्त, नातागोता एकै ठाउँमा भेला भएर होली मनाइन्छ ।

यद्यपि, त्यहाँ पनि मादक पदार्थ सेवन गरिन्छ । उता, मादक पदार्थ र लागूपदार्थ सेवन गरेर सवारी चलाउनेहरु भोलि असंख्य हुन्छन् । बार्दली र छतमा बसेर पानी हान्दा कतिपय त्यहाँबाट लड्छन् । उनीहरु घाइते हुनुका साथै मृत्युसमेत हुन सक्छ । तर, यस्तो गम्भीर विषयलाई खेलाची बनाइएको छ ।

सरकारले सधैँ घटना घटेपछि मात्र चासो देखाउँछ । जब घटना घटेर मान्छे मरिसकेको हुन्छ अनि मात्र प्रहरी पुग्छ । हरेक वर्ष घटना घट्छ, तै पनि सरकार सचेतना फैलाउँदैन । गृह मन्त्रालयले होलीलाई व्यवस्थित, मर्यादित बनाउन ७७ जिल्लाका सिडियोलाई परिपत्र गरेको पाइँदैन् ।

अहिलेपनि धेरै सडकमा मागेर खाइरहेका छन् । अरुले दियो भने मात्र उनीहरुले खान पाउँछन् । आश्रममा बस्नेहरुले एक छाक मिठो खान पाएका छैनन् । कापी किताब नभएर धेरै बालबालिका स्कुल जान पाएका छैनन् । विडम्बना, नेपालीमा त्यो सोचाइ छैन् । जसरी हुन्छ, आफू रमाउनेमै नेपाली केन्द्रित छन् ।

अबिर, लोला, पिचकारी फजुल खर्च हुन् । यी सामान खरिद गर्नु पैसाको सत्यानाश गर्नुबाहेक केही होइन । तर, नेपालीले त्यो कुरा बुझ्दैनन् । देशमा चौतर्फी मन्दी छ । बेरोजगारहरुलाई दुई छाक खान पनि समस्या छ । उपचार नपाएर धेरै छटपटाइरहेका छन् । फजुल खर्च गर्ने पैसाले आवश्यक परेकालाई सहयोग गर्ने हो भने कति धर्म हुन्छ !

आफू पनि बाँच्ने र अरु पनि नमर्नेतिर ध्यान दिनुपर्छ । तर, यसविषयमा कसैलाई चासो छैन । किताबको ज्ञान लिए पनि व्यवहारिक ज्ञान नहुँदा यो अवस्था सिर्जना भएको छ । सरकारले जनतालाई मानवीयताको पाठ पढाउन सकेन् । अहिलेपनि धनीहरु विवाह वा अन्य कार्यक्रममा जाँदा होस्, गला र हातभरी सुन बेरेर हिँडेका हुन्छन् ।

केही वर्षअघि चाबहिलको सरस्वतीनगरमा एक व्यक्तिले सुनका लागि दिँउसै एक पसलेलाई मार्यो । गरिबले खान पाएका छैनन्, धनीहरु सुनको प्रचार गर्दै हिँडेका हुन्छन् । बुढापाकाले भन्छन्-'आफ्नो थैलीको मुख कसेर बन्द गर्नू, अरुलाई दोष नदिनू ।' यसको अर्थ आफ्नो सम्पत्तिको सुरक्षा आफैं गरौं भन्ने हो ।

सुनको गरगहना लगाएर होली खेल्न गइरहेका हुन्छन् । त्यो चोरी भयो भने कसलाई दोष दिने ? राज्यलाई ? राज्यले त सुनको गहना लगाएर होली खेल्न जाऊँ भनेको थिएन् । जनताहरु एकदम लापरबाही भए । खाडलमा नपरेपछि मात्र आँखा खुल्छ । लुट्ने, चोर्ने कार्य व्यापक बढेको छ, त्यसैले आफ्नो सम्पत्तिको सुरक्षा आफैंले गरौं ।

सरकारले पनि फजुल खर्च नगर, आवश्यक पर्नेलाई सहयोग गर भनेर सचेतना फैलाउनुपर्यो । हुन त सरकारलाई जनताको अवस्थाबारे थाहा नै छैन । दैनिक ७० हजारको विदेशी पानी खाने प्रधानमन्त्री केपी शर्मा ओलीलाई जनता भोकै छन् कि टन्न छन् ? के थाहा ?

जनताले पनि त्यही सिको सिके । देश र अरुको विषयमा जनतालाई मतलब नै भएन् । जसरी हुन्छ, आफैं मिठो खाऊ, राम्रो लगाऊ । भोजभतेर लगाएर खाना डस्टबिनमा लगेर फाल्नेहरुलाई कसैलाई एक पेट खान दिनुपर्यो भने दाँतबाट पसिना आउँछ । कानुनले कसैलाई पनि इच्छाविपरीत अबिर लगाउन नपाइने र पानी खन्याउन नपाइने स्पष्ट उल्लेख छ ।

मादक पदार्थ सेवन गरेर सवारी साधन चलाउन पाइँदैन । जुवातास खेल्न पनि कानुनले बन्देज गरेको छ । कानुन छ, तर कसले टेर्ने ? कसले कार्यान्वयन गर्ने ? सरकार आफ्नै खेलमा रुमल्लिएको छ । कानुन त कागजको खोस्टो जस्तोमात्र भएको छ । कुनै पनि सामान उत्पादन मूल्यको २० प्रतिशतभन्दा बढी नाफा राखेर बेच्न पाइँदैन ।

तर, व्यापारीहरुले एक सय रुपैयाँ पर्ने टि-सर्टलाई पाँच सयमा बेचिरहेका छन् । जबकि, बेच्नुपर्ने १२० रुपैयाँमा हो । अनि सरकार कहाँ छ यहाँ ? सरकारले कहिले जनतालाई राम्रो शिक्षा दिन सकेन् । हुन त प्रधानमन्त्री ओलीलाई के सही ? के गलत ? भन्ने थाहा छैन । च्याप गीत गाउने र टिकटकरसँग भेटेर प्रधानमन्त्री ओली समय खेर फाल्छन् ।

जनता पनि टिकटकमै मस्तमगन छन् । जुवातास खेलेर दिन कटाउँछन् । अनि जनताको अवस्था के हुन्छ ? देश कुन बाटोमा जान्छ ? नेता पनि काम नगर्ने, जनता पनि । अनि देश विकास कसरी हुन्छ ? समाजमा बेतिथि बढ्दै गयो । प्रधानमन्त्रीजस्तो व्यक्तिले नै बेतिथिलाई हौसाए ।

देशमा धनी र गरिबको खाडल बढ्दै गएको छ । भ्रष्टाचार गरेर हुन्छ कि राजश्व छलेर ? धनी बन्नु छ । तर, सरकारलाई मतलब नै छैन् । सरकारले जनताको जनधनको सुरक्षा गर्नुपर्छ । धन जहाँ त्यही खर्च गर्ने होइन्, सदुपयोग हुनुपर्छ । जोसँग सम्पत्ति छ, उसैले समाजलाई भड्काउँछ ।

राज्य उनीहरुकै अगाडि निरीह छ । देशको कानुन सानालाई जस्तो मात्र भएको छ । सरकारले होलीलाई सार्वजनिक बिदा दिन्छ । तर, सार्वजनिक बिदा किन दिनुपर्यो ? वर्षभरी सार्वजनिक बिदा दिएको छ अनि देश पछाडि परेको पर्यै छ । काम नगर्ने, बिदा मात्रै मनाइराख्ने ।

अन्य देशले रातदिन नभनिकन काम गरेका छन् र विकास भएको छ । तर, हामीकहाँ जतिबेला पनि बिदा मात्र दिइन्छ । नेपालीहरु कतिसम्म मानवताविहीन छन् कि के भन्ने । अघिपछि पानी तिर्खा लाग्यो, अलिकति दिनुस् न भन्दा दिँदैनन् । भोलिचाँहि छतमा बसेर बाल्टिनभर पानी खनाइन्छ ।

अरुलाई दुःख दिएर कहीँ रमाइलो हुन्छ ? कोही अस्पताल हिँडेको हुन सक्छन् । कोही जरुरी काममा जान लागेका हुन्छन् । उनीहरुले पानी खन्याइँदा हतारमा भएको मान्छेको के अवस्था हुन्छ ? त्यसैले नेपालीले आफ्नो आचरणमा सुधार गर्न निकै आवश्यक छ । अरुको सुःख दिएर रमाउने व्यक्ति नै महान् हुन्छन् ।

होली मनाउने नाममा कसैको ज्यान नजाओस् । भोलि मादक पदार्थ सेवन गरेर सवारी चलाउने यत्तिकै हुन्छन् । ट्राफिक प्रहरीले कडाइका साथ अनुगमन गरुन् । नत्र धेरै अप्रिय घटना घट्न सक्छ । होलीको चाड निराशमा बदलिन बेर लाग्दैन ।

# होलीको धार्मिक र सामाजिक महत्व

आशिष पौडेल



वसन्तपुरमा विधिपूर्वक चीर ठड्याएपछि फागु पर्व सुरु भएको मानिन्छ । यो होली पर्वका रूपमा पनि प्रख्यात छ ।

हनुमानढोका दरवारको गद्दी बैठकको दक्षिणतर्फ तीन तले चीर ठड्याएपछि मुलुकभर होली पर्व सुरु हुने गर्छ ।

भक्तपुरको बाँसघारीबाट ल्याइएको बाँस तथा गुह्येश्वरीबाट ल्याइएको मयलको रुखको हाँगालाई फागुन शुक्ल अष्टमीमा विशेष पूजा गरी ठड्याउने गरिन्छ ।

रंगीचंगी कपडा झुन्ड्याइएको टुप्पोमा मयलको रुखको हाँगा बाँधिएको अग्लो बाँसको चीर ठड्याइन्छ । त्यसपछि चीरलाई परिक्रमा गर्दै एक आपसमा अबिर दलेर हर्ष र उल्लासका साथ होली खेलिन्छ । तत्पश्चात होली प्रारम्भ भएको मानिन्छ ।

सो अवसरमा स्थानीयवासी तथा नेपाली सेनाको सहभागितामा गुर्जुको पल्टनले सलामीसमेत दिने गरिन्छ ।

असत्यमाथि सत्यको विजय हुने मान्यताका साथ प्रतीकात्मक रूपमा चीर उठाउने र एक सातापछि फागु पूर्णिमाका दिन सो चीर ढलाएर टुँडिखेलमा लगी दहन गर्ने परम्परा छ ।

चीरबीचमै ढलेको खण्डमा पुनः ठड्याई शान्ति स्वस्ति र क्षमा पूजा गरिने चलन छ । त्यसरी अचानक चीर ढलेका कारण देशमा कुनै संकट नपरोस् र अनिष्ट नहोस् भनी ब्राह्मणद्वारा स्वस्ति, शान्ति, होम र क्षमा पूजा गराइने चलन रहँदै आएको छ ।

उक्त अवसरमा हनुमानढोका दरवार परिसर तथा हनुमानढोका दरवारभित्रको मोहनकाली चोक र दाखचोकमा पनि रंगीविरंगी कपडाका टुक्रा झुन्ड्याइएको मयलको रुखको हाँगा गाढेर पूजा पनि गरिने चलन छ ।

मोहनकाली चोकमा काठद्वारा निर्मित, हातमा मुरली लिएका श्रीकृष्णको मूर्ति र नौवटा विभिन्न मुद्राका गोपीका मूर्ति सजाई अबिर छर्केर पूजा गरिने परम्परा छ ।

किंवदन्तीका अनुसार सत्य युगमा विष्णुका परमभक्त प्रह्लादलाई मार्नको लागि हिरण्यकश्यपुले विभिन्न प्रपञ्च रच्दा पनि मार्न नसकेपछि हिरण्यकश्यपुले भक्त प्रल्हादलाई मार्नका लागि आगोबाट नजल्ने, नमर्ने वरदान पाएकी होलिकाको काखमा राखेर आगोमा बस्न लगाउँदासमेत आगोले भक्त प्रल्हादलाई केही नभएको तर होलिका जलेर नष्ट भई असत्यमाथि सत्यको विजय भएको मानिन्छ ।

यसै उपलक्ष्यमा होलीको अघिल्लो दिन हिरण्यकश्यपुको बहिनी होलिकाको पुत्ला बनाई दहन गरी मनाउने गरिएको पर्वका रूपमा पनि होलीलाई लिइन्छ ।

असत्यमाथि सत्यको विजय अर्थात् होलिका जस्तो आसुरी प्रवृत्तिको नाश गर्ने पर्वका रूपमा होलीकाको नामसँगै जोडिएर यसलाई होली पर्व भन्ने गरिएको हो ।

अर्को एक प्रसंग अनुसार भने द्वापर युगमा श्रीकृष्णलाई मार्ने उद्देश्यले दूध खुवाउन गएकी कंशकी सेनाको पुतना नामकी राक्षसनीलाई उल्टै कृष्णले मारिदिनु भएकाले पुतनाको शवलाई ब्रजवासीले यसै दिन जलाएर आपसमा रंग र अबिर छरी खुसियाली मनाएकोले त्यसैका सम्झनामा अद्यावधिक चीरदाह गरी होली खेल्ने परम्परा रही आएको भनाइ छ ।

इतिहासकारहरू मान्छन् कि यस पर्वको प्रचलन आर्यहरूमा पनि थियो । उनीहरूका अनुसार यस पर्वको वर्णन अनेक पुरातन धार्मिक पुस्तकमा पाइन्छ, नारद पुराण र भविष्य पुराण जस्तो प्राचीन हस्तलिपी र ग्रन्थमा पनि यस पर्वको उल्लेख भएको पाइन्छ ।

भारतमा पर्ने विंध्यक्षेत्रको रामगढ भन्ने स्थानमा रहेको ईसा भन्दा ३०० वर्ष पुरानो एउटा अभिलेखमा पनि यसको उल्लेख छ ।

होली नेपाली तथा भारतीय अर्थात् हिन्दूहरूको प्रमुख चाडमध्येको एक मानिन्छ । हिन्दू संस्कृतिमा यो पर्व प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमा अर्थात् होली पूर्णिमाको दिन मनाइन्छ ।

यसलाई नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूको एउटा महत्वपूर्ण चाडको रूपमा लिने गरिन्छ ।

होलीको दिनभन्दा अघिल्लो राती होलीका दहन गरिन्छ । राती होलीका दहन गरिसकेपछि भोलिपल्ट होली खेल्ने परम्परा छ ।

होली रंगहरूको चाड हो । होलीको दिन मानिसहरूले एक अर्कालाई पानी छ्याप्ने तथा विभिन्न प्रकारका रंग दलेर मनाउने गर्छन् ।

स-साना नानीदेखि युवायुवती तथा वृद्धवृद्धासम्म सबैले होलीमा भरपुर मनोरञ्जन गर्ने गर्छन् । भनिन्छ- होलीको दिन पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एक अर्कासत मिल्ने भएका कारण पनि यसको ठूलो महत्व छ । वैरभाव अन्त्य गर्ने एउटा महत्वपूर्ण अवसरको रूपमा पनि लिने गरिन्छ होलीलाई ।

यो पर्व फागुनमा मनाउने भएकाले 'फगुआ' पनि भनिन्छ ।

घरपरिवार, साथीभाई आपसमा रंगमा रंगिएर उल्लासपूर्वक मनाउने फागु पूर्णिमालाई पहाडदेखि तराई र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढका हूल हातमा रंग र रंगीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसिइबीलाई बिर्सेर उत्साह र उमंगका साथ मनाइने रंगीन पर्वको रूपमा पनि लिइन्छ ।

फागुन शुक्ल अष्टमीको दिन काठमाडौंको वसन्तपुर दरबार अगाडि चीर गाडेपछि होली सुरू भएको मानिने फागु पर्व, पूर्णिमाको राती उक्त चीर (लिंगो) ढालेर जलाएपछि सम्पन्न हुन्छ । त्यसको भोलिपल्टदेखि वसन्त ऋतु प्रारम्भ भएको मानिन्छ ।

टुँडिखेलमा दाह गर्नुअघि चीरको अन्तिम दर्शन तथा पूजा गर्न मारवाडी समुदायका श्रद्धालुहरूको निकै घुइँचो लाग्ने गर्छ । चीर दाहपछि त्यसको खरानी प्रसादका रूपमा घरमा लैजाने चलन समेत छ ।

रंगले हाम्रो मानसिक स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास गरिन्छ । होलीमा विशेषतः रातो, हरियो, पहैँलो तथा नीलो रंग बढी प्रयोग हुन्छ ।

नीलो रंगलाई धर्मयुद्धको प्रतीक मानिन्छ । नीलो वर्णका श्रीहरिले अधर्म नाश गर्न र धर्मको रक्षा गर्न प्रत्येक युगमा अवतार लिँदै आएको धार्मिक मान्यता छ ।

लोकहितका लागि विषपान गरेको हुनाले महादेव नीलकण्ठका रूपमा समेत परिचित छन् ।

पहेलो रंग विष्णु र श्रीकृष्णको प्रिय रहेको पुराणमा वर्णित छ ।

रातो रंगलाई शक्ति र सौभाग्यको सूचक मानिन्छ । त्यसैले देवताहरूले रातो रंगको पहिरन लगाएका हुन् ।

अधिकांशलाई मन पर्ने रंग हो, रातो । यसलाई शुद्धता एवं पवित्रताको प्रतीक मानिन्छ । हरेक धार्मिक कार्यमा यसको प्रयोग हुन्छ । स्वच्छ, सफा र चित्त शुद्धिको प्रतीकका रूपमा लिइने यो रंग होलीमा पनि विशेष प्राथमिकताका साथ प्रयोग गरिन्छ ।

रातो रंगलाई साहस र प्रेमको प्रतीकका रूपमा पनि लिइन्छ । रातो रंग मन पराउने मानिसहरू महत्वाकांक्षीका साथै जिज्ञासु एवं जोसिला हुन्छन् ।

हरियो रंगलाई प्राण, जीवनशक्ति एवं मार्मिकताको प्रतीक मानिन्छ । यसलाई जीवनशक्तिको भित्री मर्म बुझ्ने जीवित रंग पनि भनिन्छ । हरियो रंग मन पराउने मानिसहरू प्रकृतिलाई माया गर्ने खालका हुन्छन् । उनीहरू झैँ-झगडा मन पराउँदैनन् । यो रंग मन पराउने मानिसको आत्मविश्वास अलि कम हुने ठानिन्छ ।

पहेंलो यो रंगलाई भक्ति र धर्म परायणताका रूपमा लिइन्छ । यो रंग मन पराउने मानिसहरू धर्मकर्मप्रति बढी विश्वास गर्छन् ।

कतिपय समुदायमा रातो अबिर र पहैँलो केशरी दलेर होली खेल्ने परम्परा छ । यो रंगको सम्बन्ध खुसी र हर्षसँग पनि रहेको मानिन्छ । मनोविज्ञका अनुसार यो रंग मन पराउने मानिसहरू रमाइलो एवं आत्मीय व्यवहार गर्न मन पराउने हुन्छन् ।

नीलो रंगलाई शान्ति र सन्तुलनको प्रतीकका रूपमा लिइन्छ । त्यसैले पनि यो रंगको प्रयोग बढी हुन्छ । यो रंग मन पराउने मानिसहरू सन्तुलित विचारधाराका हुन्छन् ।

उनीहरू अलि बढी चिन्तित स्वभावका हुने मनोविद् बताउँछन् ।

होलीमा कालो रंगको पनि व्यापक प्रयोग भएको पाइन्छ । यो रंग ईर्ष्या र स्वार्थसँग सम्बन्धित हुन्छ । यो रंग मन पराउने मानिसहरू आफ्नो इच्छा र भावना खुलस्त रूपमा भन्न चाहँदैनन् । तुरुन्तै रिसाउने खालका हुन्छन् ।

सेतो धेरैले मन पराउने रंग हो । यो रंगलाई शुद्धताको प्रतीक मानिन्छ । कर्ममा विश्वास राख्ने व्यक्तिहरू सेतो रंग मन पराउँछन् । चहकिलो सेतो रंगलाई सफा एवं आकर्षणको प्रतीकका रूपमा लिइन्छ ।

काठमाडौंमा फागुन शुक्ल पूर्णिमामा होली मनाउने गरिए पनि तराईका विभिन्न जिल्लामा भोलिपल्ट होली मनाउने गरिन्छ । यसको धार्मिक आस्था तथा महत्वका कारण होलीका दिन सार्वजनिक बिदा समेत दिने प्रचलन छ ।

# नेप्से १७ दशमलव २८ अङ्कले बढ्यो



काठमाडौँ । पछिल्लो सात कारोबार दिन लगातार घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार भने दोहोरो अङ्कको वृद्धि देखिएको छ । नेप्से परिसूचक १७ दशमलव २८ अङ्कले बढेर दुई हजार सात सय ३६ दशमलव ४८ को विन्दुमा कायम भएको हो ।

विभिन्न तीन सय २३ कम्पनीका दुई करोड २९ लाख ४१ हजार तीन सय ६५ कित्ता शेयर ७९ हजार दुई सय ३६ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब २३ करोड ५२ लाख ६८ हजार सात सय ५५ बराबरको कारोबार भएको छ ।

कारोबारमा विकास बैंक समूह शून्य दशमलव ३३ र लघुवित्त समूह शून्य दशमलव २७ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै लगानी समूह एक दशमलव ७६ र अन्य समूह एक दशमलव ५७ प्रतिशतले बढेको छ ।

बैंकिङ शून्य दशमलव ५३, वित्त शून्य दशमलव ०२, होटल तथा पर्यटन शून्य दशमलव ६४, जलविद्युत् शून्य दशमलव ८५, जीवन बिमा शून्य दशमलव ६४, उत्पादन तथा प्रशोधन शून्य दशमलव १८, म्युचुअल फन्ड शून्य दशमलव १०, निर्जीवन बिमा शून्य दशमलव ४० र व्यापार समूह शून्य दशमलव २१ प्रतिशतले बढेको छ ।

पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ७९ प्रतिशतले बढेको छ । साथै विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै माछापुच्छ्रे बैंक लिमिटेड प्रमोटर शेयर रु ८१ करोड ३६ लाख ५२ हजार एक सय बराबरको ८१ लाख ३६ हजार पाँच सय २१ कित्ता कारोबार भएको नेप्सेले जनाएको छ ।

पीएम कप क्रिकेटः

# आर्मी र पुलिसको लगातार दोस्रो जित



भैरहवा । दुई विभागी टिम त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबले प्रधानमन्त्री कप एकदिसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित निकालेका छन् । बुधबार भएको खेलमा आर्मीले सुदूरपश्चिम प्रदेशमाथि ८ विकेटको सहज जित हात पार्यो । पुलिसले भने कोशी प्रदेशलाई १ सय ५४ रनले पराजित गरेको छ ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा जितका लागि पाएको १ सय १८ रनको लक्ष्य आर्मीले २३ ओभर ५ बलमा २ विकेटको नोक्सानीमा १ सय १९ रन बनाउँदै भेट्टायो र जित निकाल्यो । उसको जितमा सन्तोष कार्कीले अविजित ५५ रनको अर्धशतकीय पारी खेले । यस्तै, तृतराज दासले ३१ र कप्तान विनोद भण्डारीले नटआउट २० रन जोडे ।

बलिङमा सुदूरपश्चिमका शेर मल्ल र मिलन बोहराले १-१ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित ५० ओभरमा ४५ ओभर ३ बल खेल्दै सबै विकेट गुमाएर जम्मा १ सय १७ रन बनाएको थियो । उसलाई सस्तैमा रोक्न प्लेयर अफ द म्याच समेत रहेका आर्मीका शाहब आलमले कसिलो बलिङ गरेर ।

उनले १० ओभरमा २ मेडनसहित १९ रन खर्चेर ४ विकेट लिए । यस्तै, सोमपाल कार्कीले २ तथा आकाश चन्द, नरेन साउद, बसिर अहम्मद र कुशल मल्लले १-१ विकेट लिए । सुदूरपश्चिमका निश्चल क्षेत्रीले अविजित ४९, सुनिल चन्द र नारायण जोशीले १६-१६ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् । प्रतियोगितामा सुदूरपश्चिको यो दोस्रो हार हो ।

यता रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको पुलिसले कोशीमाथि सहज जित निकाल्यो । पुलिसले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २ सय ८८ रनको बलियो योगफल बनायो । पुलिसका लागि लगातार दोस्रो खेलमा पनि अर्धशतक बनाएका कुशल भुर्तेलले सर्वाधिक ६५ रन जोडे । उनले ७८ बलमा २ चौका र २ छक्का प्रहार गरे ।

यस्तै, दीलिप नाथले ६४ बलमा ४ चौका र १ छक्काको सहयोगमा ६१ रन बनाए । ओपनर अर्जुन साउद र रशिद खानले समान ३८-३८, कप्तान दीपेन्द्रसिंह ऐरीले ३२ तथा गुल्शन झाले २१ रन जोडे । कोशीका लागि भुपाल लुइटेलले ३, प्रकाश कार्कीले २ तथा श्रवण किस्कु, दीपेश कंडेल र फिर्दोश अन्सारीले समान १-१ विकेट लिए । २ सय ८९ रनको लक्ष्य पछ्याएको कोशी ३६ ओभर २ बलमा १ सय ३४ रन बनाउँदा अलआउट भयो ।

कोशीका लागि सुजन थपलियाले ३३, कप्तान अंकित सुवेदले २१, शकिब हकले १७ र फिर्दोश अन्सारीले १० रन जोडे । पुलिसका लागि करण केसीले ३, कुशल भुर्तेल र लतित नारायण राजवंशीले समान २-२ तथा सागर ढकाल, गुल्शन झा र दिपेन्द्रसिंह ऐरीले १-१ विकेट लिए । कुशल भुर्तेल प्लेयर अफ द म्याच भए । कोशीको यो लगातार तेस्रो हार हो ।

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झडेवा ४,पाल्पा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/११/२९

यस गाउँपालिकाबाट मिति २०८१/०८/१३ गते अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं | ठेक्का नं. | कामको विवरण | न्यूनतम सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | MRM/B/NCB/WORKS/2081-82/06 | Construction of Administrative Building For Mathagadhi Rural Municipality | Nerisa-Jesika-Sahil JV, Boudha, Kathmandu-6 | 67,685,488.85 |

प्रमुख प्रशासकीय अधिकृत
माथागढी गाउँपालिकाको कार्यालय

# मागका आधारमा योजना छनोट

ढोरपाटन (बागलुङ) । जिल्लामा सबैभन्दा ठूलो भूगोलमा फैलिएको बडिगाड गाउँपालिकाका केही गाउँ बस्ती सडक सञ्जालले जोडिन सकेको छैन । यस्तो अवस्थालाई अन्त्य गर्न गाउँपालिकाले भौतिक पूर्वाधारअन्तर्गत सडक विस्तारलाई उच्च प्राथमिकता दिएको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षका २३३ योजना कार्यान्वयनमा ल्याएको छ ।असरमा ल्याएको नीति तथा कार्यक्रम र बजेटलाई तीव्र रुपमा कार्यान्वयनमा लागेको हो ।

गाउँसभाबाट छनोट भएका कूल ती योजनामध्ये हालसम्म १७४ वटा सम्झौता भएर धमाधम काम भइरहेका छन् भने ४७ योजना सम्पन्न भइसकेका छन् । बाँकी ५९ योजना सम्झौताको चरणमा रहेको बडिगाड गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्ति पौडेलले जानकारी दिए । गाउँपालिकाले नागरिकको आवश्यकता र मागका आधार योजना छनोट गरेको उनको भनाइ छ ।

पालिकाका १० वटै वडामा हालसम्म ४७ योजना सकिएको जनाइएको छ । नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने गरी योजना कार्यान्वनमा लागेको उनले बताए । चालु वर्ष खानेपानी, सडक, सिँचाइ, भवन, खेलमैदान, सरसफाइ, संस्कृति प्रवर्द्धन र लघु जलविद्युत्सम्बन्धी योजना रहेको पौडेलको भनाइ छ । चैत मसान्तसम्म सबै योजना सक्ने गरी काम भइरहेको पौडेल बताउँछन् ।

उनले भने-"बडिगाडका अधिकांश योजना सम्झौता भइसकेर काम भइरहेका छन्, हामीहरुले ठूला योजनालाई सुरुमै सम्झौता गरी काम अगाडि बढाएका हौँ, भने अन्य अयोजना अहिले सम्झौताका चरणमा छन्, पालिकाको सबै वडामा गएर उपभोक्ता समिति बनाउने र योजना सम्झौता गरेका हौँ, योजना सम्झौताका लागि पालिकामै आउनुपर्ने बाध्यता छैन ।"

यस वर्ष बडिगाडको बजेट कूल बजेट रु ७२ करोड ९१ लाख ६२ हजार थियो । जसमध्ये हालसम्म ३७.६ प्रतिशतअर्थात् रु २७ करोड दुई लाख ७० हजार खर्च भएको छ गाउँपालिकाले जनाएको छ । पालिकाले यस वर्ष वडा नम्बर ६ को वडा कार्यालय निर्माणका लागि रु एक करोड, सडक सुधार तथा सरफाइका लागि रु ६५ लाख र हेफरसँग सहकार्य गरेर नागरिकलाई पशुपालन तथा कृषिमा आत्मनिर्भर बनाउनका लागि रु ८० लाख विनियोजन गरेको गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारीले बताइन् । अहिलेसम्म सडकले नजोडिएको गाउँलाई जोड्नका लागि भेडीखोर-फोर्सा सडक खोल्नका लागि रु ४० लाख विनियोजन गरेको उनको भनाइ छ ।

"सीमित स्रोत र साधनका बीच धेरै नागरिकको आवश्यक पूरा गर्नेपर्ने छ, एकै पटक सबैतिर विकास गर्न सम्भव नहुने रैछ, यद्यपि हामीहरुले सबै भूगोल, वडा र समस्यालाई बुझेर काम गरिरहेका छौँ, समयमै सबै योजना सक्नुपर्छ भन्ने मान्यताले धमाधम योजनाका कामहरु भइरहेका छन् ।"-उनले भनिन् ।

**अबको...**

विगतमा पार्टीले आधारभूत वर्ग मजदुर किसानसँग बलियो सम्बन्ध बनाउन नसकेको स्वीकार्दै त्यो गल्ती सच्याउन र जनतासँग माफी माग्न फेरि जनतामाझ आएको बताए ।

'जनताको बलिदानीपूर्ण आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको छ, यसले उत्पीडित समुदाय र क्षेत्रका अधिकार सुनिश्चित गरेको छ,' अध्यक्ष प्रचण्डले भने - 'अहिले आएर संघीयता, समावेशिता, समानुपातिक प्रतिनिधित्वजस्ता उत्पीडित क्षेत्र र समुदायले पाएको अधिकार खोज्ने कुचेष्टा हुँदैछ । प्रतिगामी तत्वहरु व्यवस्थामाथि धावा बोल्न खोज्दैछन् भने भ्रष्ट र दलालहरु विभिन्न बहानामा जनताका अधिकार खोस्न लागिरहेका छन्, यसखाले सबै षड्यन्त्रलाई परास्त गर्दै जनताले प्राप्त गरेका अधिकारको रक्षा गर्ने जिम्मेवारी माओवादीकै हो, यसमा हामी कतै बिचलित हुने छैनौं, दृढ प्रतिबद्धताका साथ अघि बढ्ने छौं ।'-प्रचण्डको भनाइ थियो ।

सम्मेलनमा माओवादी केन्द्रका महासचिव देव गुरुङ, उपमहासचिव वर्षमान पुन, पूर्व सभामुख ओनसरी घर्तीलगायतले अहिलेका राजनीतिक अधिकार प्राप्तिमा मगर समुदायको आन्दोलनमो पनि भूमिका रहेको उल्लेख गरे ।

## परिचयपत्र हराएको सूचना

मेरो निम्न ब्यहोरा भएको कुवेतको परिचयपत्र मिति २०८१/११/२४ गते रूपन्देहीको तिलोत्तमा स्थित मणिग्रामबाट शिवपुर हुदै देवदह जाने क्रममा पर्समा रहेको उक्त परिचय पत्र सहित नगद करिब ५५ हजार रूपयाँ हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाइदिनेलाई नगद पाँच हजार पुरस्कार समेत दिनेछु ।

**नाम : ख्याम बहादुर आले**
**ठेगाना : साविक कुवाकोट-७ स्याङ्जा**
**हाल तिलोत्तमा नगरपालिका वडा नं ९, सुनयनापथ, रूपन्देही**
**परिचय पत्र नंः** २८६०१२८०२७५२
**फोन नं :** ९८०१०७६८३८

## हकदाबी सम्बन्धी लिक्विडेटर कार्यालयको ३५ दिने सूचना

मिति २०७५/०३/०४ गते दर्ता नं. १९१९०२ मा दर्ता भएको युनाइटेड पोलिटेक्निकल कलेज प्रा.लि. को मिति २०८१/११/२७ मा सम्पन्न विशेष साधारण सभाले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम उक्त कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेसन) मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको बाँकी बक्यौता भुक्तानी लिन रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र प्रमाण सहित लिक्विडेटरको कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनिको लिक्विडेसन गरिने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

लिक्विडेटरः मनोज भुसाल (लिक्विडेटर इजाजत पत्र नं. ६२०)
ठेगानाः बुटवल-०४, रुपन्देही (सम्पर्क नं. ९८५७०३२१०२)

**Binayi Tribeni Rural Municipality**

**Office of Rural Municipal Executive**

**Nawalparasi (East of Bardghat Susta), Dumkibas**
**Gandaki Province, Nepal**

## Invitation For Online Bids

First Date of publication: 2081/10/25, (7th,Feb, 2025)
Second Date of publication: 2081/11/29, (13th, Mar, 2025)

1. Office of Binayi Tribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following worksunder National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount without VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 19/ BTRM/ NCB/ Works/ 2081-082 | Warda Number 2 ko Bhihinna Bhitri Bato Istarunnati | 3570090.46 | 116700 | 3000.00 | 2081/12/15 (28th, Mar, 2025) Before 12:00 | 90 Days | 2081/12/10 (23th, Feb, 2025) at 1:00 PM | 2081/12/15 (28th, Mar, 2025) After 1:00 | |
| 2 | 24/ BTRM/ NCB/ Works/ 2081-082 | Ward No 4 Bhibhina Bato Istarunnati | 4321965.97 | 147500 | 3000.00 | 2081/12/15 (28th, Mar, 2025) Before 12:00 | 90 Days | 2081/12/10 (23th, Feb, 2025) at 1:00 PM | 2081/12/15 (28th, Mar, 2025) After 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik RajashwoKhata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# कपिलवस्तु ११ ले जित्यो सैनामैना गोल्डकपको उपाधि




बुटवल । कपिलवस्तु ११ ले रुपन्देहीको सैनामैना मुर्गियामा सम्पन्न प्रथम सुनगाभा सैनामैना गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ ।

मुर्गिया फुटबल क्लबको आयोजनामा बुधबार सैनामैना रंगशालामा भएको फाइनल खेलमा अभिषेक चर्च रजहर नवलपुरलाई १-० गोल अन्तरले पराजित गर्दै कपिलवस्तु ११ ले उपाधि जितेको हो ।

पहिलो हाफ बराबरीमा टुंगिएको खेलमा दोश्रो हाफको १० मिनेटमै कपिलवस्तु ११ का तर्फबाट खेलेका विदेशी खेलाडी मोहम्मदले डि बक्समा पाएको अवसरलाई गोलमा परिणत गरेसँगै कपिलवस्तु ११ को जितमा उक्त गोल निर्णायक बनेको थियो ।

फाइनल खेलमा कपिलवस्तु ११ ले ५ जना र अभिषेक चर्चले ४ जना विदेशी खेलाडी मैदानमा उतारेका थिए ।

१० दिनसम्म चलेको प्रतियोगितामा नेपालका दुई विभागीय र भारतको एकसहित १० टिमको सहभागिता थियो ।

प्रतियोगितामा उपाधि बिजेता कपिलवस्तु ११ ले नगद ७ लाख रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र र दोश्रो स्थान हासिल गर्ने अभिषेक चर्च रजहर नवलपुरले नगद ४ लाख रुपैयाँ ट्रफी, मेडल र प्रमाणपत्र पाएका छन् ।

विजयी टिम र खेलाडीलाई नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए ।

# पाल्पाली समाजको तीन दिने होली कार्यक्रम



बुटवल । पाल्पाली समाज नेपाल रुपन्देहीले आफ्नो महत्त्वपूर्ण उत्सवका रुपमा बर्सेनि मनाउँदै आइरहेको फागु होली पर्व यसपाली पनि तीन दिनसम्म लगातार मनाउने गरी बुटवलमा बुधबार एक समारोहका बिच आरम्भ गरेको छ ।

पाल्पाली समाज नेपालले आयोजना गरेको होली मिलन शुभ कामना आदानप्रदान कार्यक्रममा लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले शुभ कामना दिँदै पाल्पाली समाज नेपालले राष्ट्रियता, राष्ट्रिय स्वाधिनता र सामाजिक एकताको पक्षमा गर्दै आइरहेको भूमिका उल्लेखनीय रहेकोले यो फागु पर्वले पाल्पालीहरु र सम्पूर्ण नेपाली बिचको एकतालाई सुदृढ गर्ने विश्वाश व्यक्त गरे ।

पाल्पाली समाज नेपालका अध्यक्ष पदम कार्कीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा पाल्पाली समाज नेपालका संस्थापक सल्लाहकार डा. रामप्रसाद बश्यालले हरेक व्यक्तिले आफ्नो सानो हिस्सा सामाजिक क्षेत्रमा खर्चिने हो भने समाजिक एवं धार्मिक पुण्य आर्जन हुन्छ भन्ने कुरामा जोड दिँदै फागु उत्सवले हामी सबै पाल्पाली र नेपालीहरुमा नयाँ उत्साह र उमङ्ग जागृत हुन सकोस् भन्ने शुभ कामना व्यक्त गरेका थिए ।

पाल्पाली समाजले अगाडि सारेका हरेक काममा सबै पाल्पालीहरुले होस्टेमा हैसे गर्ने हो भने सामाजिक हितको क्षेत्रलाई फराकिलो बनाउन सकिन्छ भन्दै समाजका संस्थापक महासचिव जगत पोखरेलले फागु शुभ कामना मन्तव्य राखेका थिए ।

समाजका निवर्तमान अध्यक्ष मानबहादुर विश्वकर्मा, पाल्पा भैरवस्थान-रुपन्देही परिवारका अध्यक्ष केशव खनाल, यातायत व्यवसायी माधव नेपाल, पाल्पा माथागढी-रुपन्देही सम्पर्क समाजका अध्यक्ष राजन नेपाल, पर्यटन व्यवसायी समुन्द्र जि.सी., पाल्पा बल्ढेङ्गढी-रुपन्देही समाजकी लता खड्का, रैनादेवीछहरा-रुपन्देही सम्पर्क समाजका उपाध्यक्ष मदन पौडेल, पाल्पा मैनादी -रुपन्देही समाजका पदम नेपाल, युवा व्यवसायी शंकर घर्ती, रणबहादुर कुँवरलगायतले फागु होलीको शुभ कामना व्यक्त गरेका थिए ।

पाल्पाली समाजका उपाध्यक्ष जितबहादुर भाटले स्वागत मन्तब्य राखेको कार्यक्रमको सञ्चालन समाजका सैनामैना अध्यक्ष रुमाखर गौतमले गरेका थिए ।

आयोजका अनुसार रुपन्देहीमा क्रियाशिल पाल्पाली संघ संस्थाहरुले संयुक्तरुपमा बुधबारदेखि तीनसम्म लगातार बाजागाजा, नाचगानसहित फागु साँस्कृतिक झाँकी प्रस्तुत गरी मनाउने कार्यक्रम रहेको छ ।

*हिमाल कार्की*
*» प्रशिक्षक*

# नवलपुरका सबै क्याम्पसको चुनाव स्थगित



नवलपुर । नवलपुरमा स्ववियु निर्वाचन स्थगन भएको छ । जिल्लाका सबै क्याम्पसमा आगामी चैत ५ गतेका लागि तोकिएको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को चुनाव स्थगित भएको हो ।

जिल्लामा उत्पन्न असहज परिस्थितिका कारण चुनाव गराउन नसकिएकाले स्थगित गरिएको नेपाल पब्लिक क्याम्पस संघ, नवलपुरले बुधबार पत्रकार सम्मेलन गरी जनाएको छ ।

संघले बुधबार नै बैठक बसि पत्रकार सम्मेलन गर्दै स्ववियु निर्वाचन निर्देशिकाको बुँदा नं. १२ अनुसार निर्वाचन कार्यतालिकाको बुँदा नं. ६ पूर्ण रुपमा प्रभावित भएकाले कानुनी अड्चन सृजना भई यथास्थितिमा निर्वाचन सम्पन्न हुन नसक्ने भन्दै सम्पूर्ण कार्यक्रम स्थगित गरेको जनाएको हो ।

कुमारवर्ती बहुमुखी क्याम्पसको प्राङ्गढमा पत्रकार सम्मेलन हुँदै गर्दा नेविसंघ र अखिल क्रान्तिकारीले नाराबाजी गरेका थिए । लगत्तै दुई विद्यार्थी संघगठनले पत्रकार सम्मेन गरी निर्वाचन स्थगित गरिएको प्रति असहमति जनाएका छन् । उनीहरुले एमाले निकटको विद्यार्थी सङ्गठन अनेरास्ववियु र पब्लिक क्याम्पस संघलाई दोष दिएका छन् ।

नेविसंघका जिल्ला अध्यक्ष हरि सुवेदीले अनेरास्ववियुले जिल्लामा कतै पनि चुनाव जित्न नसक्ने देखिएपछि पब्लिक क्याम्पस संघ त्यसको मतियार भएको आरोप लगाए । उनले अनेरास्ववियुले सबै क्याम्पसमा लगाएका ताला तोड्ने र आन्दोलन चर्काउने चेतावनी दिए ।

अनेरास्ववियुले भने क्याम्पस प्रशासनका कारण चुनाव हुन नसकेको दाबी गरेको छ । क्याम्पस प्रशासनले सङ्गठन दर्तापश्चात् विद्यार्थी सङ्गठनहरुलाई आचार संहिता बनाउने विषयमा नबोलाएको, चुनावको पूर्वसन्ध्यामा निर्वाचन प्रकृयालाई प्रभावित गर्ने हेतुले विद्यार्थी भर्नामा व्यापक अनियमितता गरेको र निर्वाचन नगराउने र गराउन परे पनि आफू अनुकूल बनाउन प्रयासरत रहेको अनेरास्ववियुका जिल्ला अध्यक्ष सौगात भुसालले आरोप लगाए ।

त्यसैगरी नवलपुरको गैँडाकोट १५ मा रहेको जनमुखी आदर्श कलेजमा स्ववियु निर्वाचन गर्नु पर्ने मागसहित नेविसंघका विद्यार्थीहरुले बुधबारदेखि क्याम्पसमा रिले अनसन बसेका छन् ।

# दुई ग्यास उद्योगमा अनुगमन

परासी । पश्चिम नवलपरासीमा ग्यास उद्योगमा अनुगमन गरिएको छ ।

संयुक्त जिल्ला बजार अनुगमन समितिले रामग्राम नगरपालिका क्षेत्रका रहेका ग्यास उद्योग अनुगमन गरेको हो ।

रामग्राम नगरपालिकाको वडा नं. १० र १५ मा रहेका ग्यास उद्योगमा अनुगमन गरिएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका उद्योग अधिकृत पुरूषोत्तम पौडेलले जानकारी दिए । बजारमा ग्यासको अभाव भएको जनगुनासो आएपछि दुई वटा ग्यास उद्योगमा अनुगमन गरिएको पौडेलले बताए ।

अनुगमनमा क्रममा ग्यास के-कति स्टक रहेको र ग्यासको तौल कम रहेको नरहेको नापजाँच गरिएको जिल्ला प्रशासन कार्यालय प्रशासकीय अधिकृत अर्जुन रेग्मीले बताए । उनको अनुसार ग्यासको तौल नापजाँच गर्दा तौल कम नरहेको र जति हुनुपर्ने तौल रहेको भेटिएको तथा स्टक नरहेको पाइएको थियो ।

आरती ग्यास उद्योग प्रालि र सगरमाथा ग्यास उद्योग प्रालिमा र रेष्टुरेण्टमा अनुगमन गरिएको अनुगमन समितिले जनाएको छ ।


**महिला अधिकारको सम्मान गरौं**

-महिलालाई समाज वा देशको मूलधारमा ल्याउन पहल गरौं ।
-महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं ।
-महिला सशक्तिकरणमा ध्यान दिऔं ।
-लैङ्गिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं ।
-सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं ।
-संविधान र कानूनले दिएका महिला अधिकारको सम्मान गरी कार्यान्वयन गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**मासु व्यवसायी संघ नेपाल रुपन्देहीको सादर निमन्त्रणा**

यस संघको २० औं स्थापना दिवस तथा चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकाले संघका पदाधिकारी तथा कार्यसमिति सदस्य, सल्लाहकार, सदस्य व्यवसायी र अतिथि ज्यूहरुलाई पत्रचार गरि सकिएकोमा कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधिकारिक मानेर उपस्थित भइदिनुहुन सादर निमन्त्रणा गर्दछौं ।

मिति : २०८१ चैत ५ गते मंगलबार    समय विहान १०.३० बजे
स्थान : साइनो पार्टी प्यालेस बुटवल १३ झोलुंगे पुल ।
सम्पर्क : ०७१५९२००४,९८६९४३६१९५

प्रार्थी
विशाल थापा
अध्यक्ष एवं
मासु व्यवसायी संघ नेपाल रुपन्देही परिवार

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**ट्वाइलेट सफा गराउनुहोस्**

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४

**न्यू कुमकुम ज्वेलर्स**
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com